"कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

चैनपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, सङ्खुवासभा

स्था: २०७३

प्रदेश नं. १, नेपाल

पत्र संख्या:-प्र./०७७/७८

चलानी नं:-

मिति:- २०७७/११/१३

**विषय:- करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सार्वजनिक सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/११/१३

चैनपुर नगरपालिकाबाट पारित करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५ अनुसार स्वास्थ्य सेवामा रहने गरी तपसिल बमोजिमको पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फारम, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा कार्यालयको वेब साइट www.chainpurmun.gov.np बाट उपलब्ध हुनेछ ।

| वि.नं. | पद | सेवा/समूह/उपसमूह | तह | संख्या |
|---|---|---|---|---|
| ६/०७७/०७८ | वैद्य | स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | सहायक चौथो | १ |

- **दरखास्त दिने अवधि :** २०७७/११/१३ देखि २०७७/११/२७ गते सम्म (१५ दिन) दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन ।
- **दरखास्त दिने स्थान :** चैनपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चैनपुर, सङ्खुवासभा ।
- **दस्तुर :** रु.५००। (पाँचसय मात्र) ।
- आवेदकले चैनपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चैनपुरको आन्तिरिक राजस्वा खाता नं. २०३०१००३०१०१०००२ रा.वा.बैंक चैनपुरमा बुझाएको भौचर वा नगरपालिकाको राजस्व शाखाको नगदी रसिद सक्कलै संलग्न राख्नु पर्नेछ ।
- **परीक्षाको किसिम :** लिखित/अन्तर्वार्ता ।
- **परीक्षाको मिति :** दरखास्त दिने अन्तिम दिनको भोलीपल्ट सम्पर्क मितिमा तोकिने छ ।
- **पारिश्रमिक तथा अन्य सुविधा :** मासिक परिश्रमिक तथा अन्य सुविधा वेद्य (सहायक चौथौ) पदको शुरु तलब स्केलमा नबढ्ने गरी नगरपालिकाको करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
- **काम गर्नु पर्ने स्थान :** चैनपुर नगरपालिका तथा अन्तर्गतका आयुर्वेद औषद्यालयहरु ।

**योग्यता र अनुभव:**

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त विश्व विद्यालय/शिक्षण संस्थाबाट एस.एल.सी. उर्तीण गरी एक वर्षको सहायक आयुर्वेद कार्यकर्ताको कोर्ष उर्त्तीण वा उक्त पदका लागि लोक सेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता हुनु पर्ने ।

३. सम्बद्ध कार्यमा अनुभव प्राप्त स्थानीय/जिल्लाबासी व्यक्तिलाई प्राथमिकता दिइने छ ।

४. १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

५. नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको ।

६. अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको ।

७. **दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उमेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित हुनुपर्नेछ । साथै म्याद नाघी वा रितपुर्वक नआएका आवेदन उपर कारबाही हुने छैन ।

८. अन्य जानकारी चाहिएमा चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको फोन नं. ०२९-५७०२७०, ९८५२०७७१११ मा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

किरण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत